दमक नगरपालिका, झापा

# स्थानीय राजपत्र


| | |
|---|---|
| **बर्ष : ४** | **प्रमाणीकरण मिति :२०७६।१२।२१** |
| **संख्या : ७** | **प्रकाशन मिति :२०७७।४।१** |


## भाग : ३

## २०७७ सालको कार्यविधि संख्या :७

## दमक नगर युवा स्वरोजगार कोष कार्यक्रम संचालन कार्यविधि

**प्रस्तावना** : कृषि,पशुपंक्षीजन्य क्षेत्र एवम् उद्यमशीलतामा आधारित तरकारी खेती, बाख्रा, गाई, वंगुर, कुखुरापालन, प्लम्विङ्ग, ईलेक्ट्रिसियन, हेयर कटिङ्ग, व्युटिपार्लर, सिलाईबुनाई जस्ता रोजगार एवम् स्वरोजगारमूलक व्यावसायको माध्यमबाट शिक्षित, अर्धशिक्षित तथा बेरोजगार युवाहरुलाई मुलुकभित्र रोजगारीको अवसर सिर्जना गर्न, विदेशबाट फर्केका युवायुवतीहरुको सीप र कार्य दक्षतालाई उपयोग गर्दै स्वरोजगार वनाउन, लक्षित वर्गको उधमशील क्षमताको विकास गर्न, परम्परागत सीप र पेसालाई आधुनिकीकरण एवम् प्रवर्द्धन गर्न सहुलियतपूर्ण कर्जा उपलव्ध गराउन वान्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ तथा प्रशासकीय कार्यविधि नियमन गर्ने ऐन २०७६ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी दमक नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परीच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "**दमक नगर युवा स्वरोजगार कोष कार्यक्रम संचालन कार्यविधि,२०७६** रहेको छ।"
(२) यो कार्यविधि तूरुन्त लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :
(क) **"कोष"** भन्नाले दमक नगरपालिकाको युवा स्वरोजगार कोषलाई सम्झनु पर्दछ।
(ख) **"सञ्चालक समिति"** भन्नाले दफा ४ को उपदफा (१) बमोजिम गठन भएको दमक नगरपालिका युवा स्वरोजगार कोष संञ्चालक समिति सम्झनु पर्दछ।
(ग) **"सहकारी संस्था"** भन्नाले दमक सहकारी ऐन तथा प्रचलित सहकारी सम्बन्धी कानून बमोजिम दर्ता भएको सहकारी सँस्थालाई सम्झनु पर्दछ।
(घ) **"थोक कर्जा"** भन्नाले लक्षित वर्गमा प्रवाह गर्ने गरी नगरपालिको युवा स्वरोजगार कोषबाट सहकारी संस्थालाई दिईने सहुलियत कर्जा सम्झनु पर्दछ।
(ङ) **"लक्षित वर्ग"** भन्नाले दफा ६ वमोजिमको मापदण्ड भित्र पर्ने नगरक्षेत्र भित्र बसोबास गरिरहेका आर्थिक दृष्टिले कमजोर तथा बिपन्न युवावर्ग लाई सम्झनु पर्दछ।

३. **कोषको उद्देश्य :** कोषको उद्देश्य देहाय बमोजिम हुनेछ
क) नगरपालिकाबाट स्थापना गरिएको युवा स्वरोजगार कोष तथा अन्य बैक वित्तीय संघ संस्था मार्फत प्राप्त भएको रकमलाई एउटा कोषमा राख्ने

र सहुलियतपूर्ण ब्याजदरमा उक्त कोषबाट यस दमक नगरपालिका क्षेत्रमा बसोवास गर्ने लक्षित वर्गमा ऋण परिचालन गर्ने,

ख) कोषमा आवद्ध भई लक्षित वर्गमा ऋण प्रवाह गरेका सहकारी संस्थासँग सहकार्य गर्ने ।

ग) लक्षितवर्गको आर्थिक सामाजिक उत्थानकालागि सहयोग पुग्ने अन्य आवश्यक कार्यहरु गर्ने ।

४. **सञ्चालक समितिको गठन** : १) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :

क) नगर कार्यपालिका वा नगर सभा सदस्य मध्येबाट नगर कार्यपालिकाले तोकेका व्यक्ति - अध्यक्ष

ख) नगर कार्यपालिकाले तोकेका नगरसभा सदस्यमध्येबाट कम्तिमा १ जना महिला सहित ३ जना - सदस्य

ग) नगर कार्यपालिका कार्यालयको सहकारी शाखा प्रमुख - सदस्य

घ) सहकारी वोर्डका सदस्यहरु मध्येबाट नगर कार्यपालिकाले तोकेको १ जना - सदस्य

ङ) सम्बन्धित शाखा प्रमुख - सदस्य सचिव

२) आवश्यकता अनुसार समितिको बैठकमा सम्झेदार संस्थाहरुबाट आमन्त्रण गर्न सकिने छ ।

३) समितिले बैठकको कार्यबिधि आफै निर्धारण गर्न सक्नेछ ।

४) नगर प्रमुख समितिको संरक्षक हुनेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) दफा ३ को खण्ड (क) बमोजिम प्राप्त कोषमा रहेको पूँजी परिचालन गर्ने ।

ख) लाभग्राही र साझेदार सहकारी सस्था छनौट सम्बन्धी नीति बनाई छनौट गर्ने ।

ग) कोषबाट उपलब्ध गराइने ऋण लगानी र असुली सम्बन्धी कार्य गर्ने ।

घ) कोषको उद्येश्य प्राप्तीका लागि आवश्यक पर्ने नीतिगत कार्य गर्ने ।

ङ) कोषको कार्य सुचारु रुपले संचालन गर्न आवश्यकता अनुसार उपसमिति गठन गर्ने ।

च) कोष अभिवृद्धिका लागि आवश्यक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

छ) लगानी भएको ऋणको निरीक्षण र अनुगमन गर्ने ।

ज) कोषको प्रगति समीक्षा गरी प्रत्येक चौमासिकमा नगर कार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

झ) नगरसभा र कार्यपालिकाले दिएका निर्देशनहरु कार्यान्वयन गर्ने ।

**६. कोष परिचालन तथा कार्य संचालन सम्बन्धी अधिकार** : कोष परिचालन तथा अन्य कार्य सञ्चालन सम्बन्धी कार्य विभाजन समितिले निर्धारण गरे अनुसार हुनेछ र कार्य विभाजन गरेको व्यहोरा नगर कार्यपालिकामा पेस गर्नु पर्नेछ ।

## परिच्छेद २

## सहकारी संस्थाहरु मार्फत लक्षित वर्गमा प्रवाह हुने कर्जा सम्बन्धी व्यवस्था

**७. कर्जाको उद्देश्य :** यस कार्यविधिको दफा ३ को खण्ड (क) को उद्देश्य परिपूर्तिका लागि लक्षित वर्गमा प्रवाह हुने कर्जाको उद्देश्य देहाय बमोजिम हुनेछ :

क) लक्षित वर्गको आयस्तर सुधार गरी आत्मनिर्भर बनाउने ।

ख) नगरपालिका क्षेत्रभित्र बचत परिचालन गराई त्यस्तो बचतलाई उत्पादनमूलक कार्यमा सदुपयोग गर्न सहयोग पुऱ्याउने ।

ग) नगरपालिका क्षेत्रभित्र स्वावलम्बन सम्बन्धी प्रयासको संरक्षण एवं प्रर्वद्धन गर्ने ।

**८. लक्षित वर्ग :** १) कोषबाट सहकारी तथा गैर सरकारी संस्थाहरु मार्फत प्रवाह हुने ऋण विपन्न तथा आर्थिक रुपमा पिछडिएका लक्षित वर्गलाई मात्र लगानी गरिनेछ ।

२) लक्षित वर्गको पहिचान गर्दा निम्न लिखित मापदण्डलाई आधार लिनुपर्ने छ :

क) आफ्नो वा आफ्नो एकाघर परिवारका सदस्यको नियमित आयस्रोत नभई वर्ष भरि खान लाउन नपुग्ने परिवार,

ख) सरकारी निकाय वा अन्य बैंक तथा वित्तीय संस्थाबाट एउटै उद्देश्यकालागि ऋण लिई तिर्न बाँकी नभएको व्यक्ति वा परिवार वा फरक उद्देश्यका निमित्त ऋण लिएको भए नियमित सावाँ व्याज बुझाई रहेको व्यक्ति वा परिवार,

ग) एकलमहिला र पारिवारिक आश्रय बिनाका व्यक्तिलाई प्राथमिकता दिने,

घ) आय आर्जनको ब्यवहारिक कार्ययोजना भएको तर धितो राख्न असमर्थ ब्यक्ति वा परिवार ।

**९. संस्थाले पालना गर्नुपर्ने शर्तहरु :** १) यस कार्यविधिको दफा ३ बमोजिम सहकारी संस्थाहरुलाई एकमुष्ट ऋण दिन सकिने छ ।

२) कोषबाट प्रबाह हुने यस्तो ऋण प्राप्त गर्न सहकारी संस्थाहरुले देहाय अनुसारका शर्तहरु पूरा गरेको हुनुपर्ने छ :

क) प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको ,

ख) खण्ड (क) बमोजिम संस्था दर्ता भई कम्तिमा ५ वर्ष अगाडि देखि आफ्ना सदस्यहरुबाट बचत सङ्कलन र ऋण लगानी सम्बन्धी कारोबार गरिरहेको,

ग) संस्थाको विनियम/विधानको उद्देश्य तथा कार्यक्रममा बचत संकलन गर्ने, आयमूलक व्यवसाय सञ्चालन गर्ने, ऋण प्रदान गर्ने तथाअन्य निकायबाट ऋण प्राप्त गर्न सक्ने प्रावधान रहेको ,

घ) संस्थाले आफ्ना सदस्यहरुलाई प्रवाह गरेको ऋणमध्ये उठाउन बाँकी ऋणको सम्बन्धमा सम्बन्धित संस्थाले नीति निर्धारण गरेको

ङ) आफ्ना शेयर सदस्यहरुबाट नियमित बचत संकलन गरको,

च) आर्थिक कारोबार नेपाल सरकारको प्रचलित कानून अनुसार सहकारी विभागले तोके अनुरुप दोहोरो लेखा प्रणाली अनुसार राखेको तथा पछिल्लो आर्थिक वर्षको समय सीमा भित्र लेखापरीक्षण र साधारण सभा सम्पन्न भएको,

छ) संस्थामा ऋण प्रस्ताव पेस गर्दा अस्वीकृत भएको भए अस्वीकृत भएको मितिले एक वर्ष नाघिसकेको,

ज) सहकारी संस्थाको संकलित शेयर पूँजी (चुक्ता पूँजी) रकम संस्थाको विनियममा उल्लेख भएको कुल शेयर पूँजीको कम्तिमा पचास प्रतिशत भएको,

झ) भाखा नाघेको ऋण किस्ता रकम बराबर वा सो भन्दा बढी हुने गरी ऋण जोखिम कोषमा रकमको व्यवस्था भएको,

ञ) पछिल्लो आर्थिक वर्षमा संस्था खुद नाफामा सञ्चालन भएको तथा सञ्चित नोक्सानी नरहेको ,

ट) शेयर पूँजी न्यूनतम एक करोड रुपैया भएको,

ठ) आफु सदस्य रहेको विषयगत संघ वा राष्ट्रिय सहकारी बैक बाहेक समानान्तर अर्को प्रारम्भिक सँस्थामा बचत निक्षेप जम्मा नगरेको ,

ड) एकै परिवारबाट एकभन्दा बढी व्यक्ति एउटै संस्थाको सञ्चालक समिति तथा लेखासमिति वा कर्मचारी कुनै पदमा नरहेको,

ढ) नगरपालिकाबाट प्राप्त रकम बराबरको रकम साझेदारी कोषमा राख्न प्रतिवद्धता पेस गरेको,

ण) बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई कालो सूचीमा परेको व्यक्ति सञ्चालक समिति वा लेखा समितिको कुनै पदमा नरहेको,

त) विषयगत वा जिल्ला सहकारी संघको सदस्यता लिएको,

थ) कार्यक्षेत्र सम्बन्धित प्रदेश बाहिर नभएको ,

द) संस्थाको सदस्य संख्या प्रत्येक वर्ष न्यूनतम १५ प्रतिशत वृद्धि हुदै गएको,

ध) राज्यलाई तिर्नु, बुझाउनु पर्ने दायित्व समयमै बुझाएको ,

न) संस्थाले प्रदान गरेको कर्जामा कम्तिमा ९५ प्रतिशत रकम भाका ननाघेको ।

प) पर्ल्स सूचकाङ्क राम्रो भएको ।

**१०. कोषबाट ऋण लगानी गर्न सकिने उद्यम तथा व्यवसायहरू :** कोषबाट लगानी गरिने ऋणबाट स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग गरी लक्षित वर्गको आम्दानी एवम् रोजगारी बृद्धिमा सघाउ पुऱ्याउने देहाय बमोजिमका व्यवसायका क्षेत्रमा लगानी गर्न सकिनेछ

क) साना कृषि व्यवसाय ,

ख) पशुपंक्षी तथा मत्स्य पालन,

ग) हेयरकटिङ्ग, टेलरिङ्ग, प्लम्बिङ्ग, ईलेक्ट्रोनिक्स् तथा ईलेक्ट्रिकल रिपेयरिङ्ग लगायतका व्यवसाय,

घ) अटो मोबाईल रिपेयरिङ्ग,

ङ) फर्निचर फिक्चर्स

च) सानातिना पसल व्यवसाय

छ) घरेलु तथा सानाउद्योग, लघु उद्यम ।

११. **संस्था छनोट :** १) कोष परिचालन समितिले यस कार्य विधिमा उल्लेखित मापदण्ड समेत खुलाई संस्थाहरुलाई ऋण आवेदनकालागि ३५ दिने सूचना प्रकाशन गर्नेछ ।

(२) मापदण्ड पूरा गरी आवेदन दिने संस्थाहरु मध्ये प्राथमिकताका आधारमा उत्कृष्टलाई छनोट गरिने छ ।

(३) कोषको अवस्था हेरी एक भन्दा वढी संस्था छनोट गर्न सक्नेछ ।

(४) छनोट भएका संस्थाले सूचना पाएको १५ दिनभित्र प्ररम्भिक ऋण सम्झौता गर्नु पर्नेछ ।

१२. **सहकारी संस्थामा ऋण लगानी तथा असुली प्रक्रिया** : १) प्रारम्भिक ऋण सम्झौता गरेका संस्थाले ऋण माग गर्दा **अनुसूची १** बमोजिमको विवरण तथा कागजात सहित निवेदन पेस गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको निवेदन पेस गर्दा संस्थाबाट ऋण लिन चाहने व्यक्तिहरुको **अनुसूची २** बमोजिमको विवरण सहित निवेदन पेस गराउनु पर्नेछ ।

३) उपदफा (२) बमोजिमका ऋण लिनचाहने व्यक्तिहरुको **अनुसूची ३** बमोजिमको संस्थामा रहेको व्यक्तिगत विवरण समेत पेस गर्नु पर्नेछ ।

४) उपदफा (१) बमोजिमको प्रस्ताव पेश भएपछि कोषबाट स्थलगतपूर्व लगानी संभाव्यता अध्ययन गरी सो सम्बन्धी निरीक्षण प्रतिवेदनका आधारमा ऋण स्वीकृत गरिनेछ ।

५) उपदफा (४) बमोजिम संभाव्य देखिएका संस्थाहरूलाई देहायका थप मापदण्ड पूरा भएमा मात्र ऋण लगानी गरिने छ :

क. निक्षेप संकलन गर्ने र ऋण प्रदान गर्ने कार्य आफ्ना सदस्यहरुको बीचमा मात्र सीमित भएको,

ख.संस्थाबाट तोकिएका शर्तहरु पालना गर्ने मञ्जुर गरी कबुलियतनामामा पेस गरेको ।

६) कोषबाट कर्जा लिई तोकिएको समयमा चुक्ता गरी पुनःकर्जा माग गर्दा संस्था आफैले पूर्व लगानी निरीक्षण गरी विगतको कारोवारको समीक्षा गरी सोबाट ऋणी सदस्यहरूको ऋण सदुपयोग, आय-आर्जन तथा सोमा परेको प्रभावको सम्बन्धमा समेत उल्लेख गर्नु पर्नेछ ।

७) कोषबाट स्वीकृत ऋण सहकारी संस्थाले खण्ड (ग) को अधिनमा रही आफ्नो सदस्यहरूलाई दफा ७ बमोजिमको व्यवसाय सञ्चालन गर्न प्रतिसदस्य वढीमा पाँच लाख रुपैयाँसम्म ऋण प्रदान गर्न सक्नेछ ।

८) दोस्रो पटकको ऋण सदुपयोग गरी राम्रो ख्याती कमाएका ऋणी सदस्यले सामूहिक रूपमा कुनै लघु उद्यम सञ्चालन गर्न चाहेमा त्यस्ता सामूहिक परियोजनाकालागि प्रति परियोजना थप पाँचलाख रुपैयाँ सम्म प्रदान गर्न सकिनेछ ।

**१३. ऋण लगानी सम्बन्धी व्यवस्था :** १) कोषबाट स्वीकृत भएको ऋण दुई किस्ता गरी उपलब्ध गराउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम किस्ता उपलब्ध गराउँदा कोषबाट प्रदान भएका अघिल्लो किस्ताको सदुपयोग सम्बन्धमा सम्बन्धित संस्थाले **अनुसूची-४** बमोजिमको ढाँचामा प्रतिवेदन पेस गरी सदुपयोग भएको देखिएमा मात्र बाँकी किस्ता उपलब्ध हुने र आवश्यक देखिएमा समितिले समेत निरीक्षण गर्न सक्नेछ ।

**१४. ऋण लगानी व्यवस्था :** कोषबाट स्वीकृत भएको ऋण सम्बन्धित संस्थालाई उपलब्ध गराउँदा देहाय बमोजिमको प्रक्रिया अपनाइने छ :

१) तमसुकमा अध्यक्ष र व्यवस्थापकले दस्तखत गर्नुपर्ने ।

२) संस्थाको तर्फबाट एक जनासंचालक सदस्य साक्षीको रूपमा रहनु पर्ने ।

३) कोषबाट उपलब्ध गराइने रकम संस्थाको बैंक खाता मार्फत उपलब्ध गराइनेछ ।

४) कोषबाट उपलब्ध गराइने ऋणको कम्तिमा ६०% कृषि क्षेत्रमा लगानी गर्नु पर्नेछ ।

**१५. ऋण असुली व्यवस्था :** १) कोशबाट लगानी भएको ऋणको भुक्तानी अवधि ग्रेस सहित बढीमा तीन वर्षको हुनेछ ,

२) ऋणको किस्ता अवधि तीन/तीन महिनाको हुनेछ तर पहिलो किस्ताको अवधि ऋण लिएको मितिबाट १ वर्ष को हुनेछ ।

३) कोषलाई तिर्नुपर्ने रकम असुल उपर हुन नसकेमा यस्तो रकमलाई नेपाल सरकारको बाँकी बक्यौता सरह सम्बन्धित संस्थाका सञ्चालक समितिका पदाधिकारी र सदस्यहरुबाट दामासाहीले असुल उपर गरिनेछ ।

**१६. कोषबाट लिएको कर्जाको भुक्तानी प्रक्रिया :** दमक नगरपालिकाको नाममा रहेको बैक खातामा जम्मा गरेको सक्कल भौचर पेस गर्नु पर्नेछ ।

**१७. सहकारी संस्थाको दायित्व :** १) संस्थाले लगानी गरेको ऋण तोकिएको व्यवसायमा प्रयोग भए नभएको अनुगमन गर्ने ,

(२) संस्थाले लक्षित वर्गलाई नियमित रूपमा बचत गर्न प्रोत्साहित गर्नु पर्नेछ र संकलित बचत रकम बचत कर्ताहरूको हितका लागि सञ्चालन हुने आय तथा स्वरोजगारमूलक व्यवसायहरूमा प्रयोग गर्नु पर्ने,

(३) लक्षित वर्गलाई आवश्यक पर्ने सीपमूलक तथा व्यवस्थापन सम्बन्धी तालिमहरू उपलब्ध गराउनु पर्ने,

(४) कोषले मागेका विवरणहरू नियमित रूपमा पेश गर्नु पर्ने,

(५) कोषबाट लगानी भएको ऋणको लेखापरीक्षण गराउनु पर्ने,

(६) ऋण लगानी गर्दा सम्बन्धित व्यक्तिको नागरिकता र सामूहिक जमानीमा लगानी गर्नु पर्ने,

(७) कोषबाट प्राप्त ऋणको प्रगति विवरण अर्ध-वार्षिक रूपमा पौष र असार मसान्त सम्मको **अनुसूची-५** बमोजिमको ढाँचामा बुझाउनु पर्नेछ र यस्तो विवरण अर्ध वार्षिक अवधि समाप्त भएको १ महिना भित्र बुझाई सक्नु पर्ने,

(८) कोषबाट ऋण माग गर्ने सहकारी संस्थाले जोखिम कोष खडा गरेको हुनु पर्नेछ ।

(९) संस्थाले कोषबाट लिएको ऋणको किस्ता भुक्तानी तालिका अनुसार समयमा बुझाउनु पर्ने ।

**१८. निरीक्षण तथा अनुगमन** : १) कोषबाट संस्थालाई ऋण उपलब्ध गराइसके पछि समय-समयमा ऋण सदुपयोगिताको निरीक्षण तथा अनुगमन गरिनेछ,

(२) निरीक्षण तथा अनुगमनका क्रममा माग गरिए अनुरूपका विवरण तथा जानकारीहरु उपलब्ध गराउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१९. हर्जना सम्बन्धी व्यवस्था :** सहकारी संस्था मार्फत लगानी भएको ऋण सदुपयोग नभएमा वा भाखामा नघाएमा देहाय बमोजिम हर्जना असूल गरिनेछ :

क) कर्जा सदुपयोग भएको नपाइएमा ऋण लगानी भएको मिति देखि नै ब्याज सहित थप दुई प्रतिशतले हर्जाना असुल गरिने छ ।

ख) तोकिएको समयमा साँवा र ब्याज भुक्तानी नगरी भाखा नघाएमा भाखा नाघेको ऋण रकममा भाखा नाघेको मितिदेखि ब्याज सहित थप दुई प्रतिशतले हर्जाना असुल गरिनेछ ।

## परिच्छेद-३
## ब्याजदर सम्बन्धी व्यवस्था

**२०. ब्याजदर** : (१) कोशबाट प्रवाह हुने ऋणको ब्याजदर तथा सम्बन्धित संस्थाले आफ्ना सदस्यहरूबाट लिने ब्याजदर देहाय बमोजिम हुनेछ :

(क) परिच्छेद-२ बमोजिम कोषबाट सम्बन्धित संस्थालाई वार्षिक **३** % (प्रतिशत) ब्याजदरमा ऋण उपलब्ध गराउने,

(ख) खण्ड (क) बमोजिम प्राप्त हुने ऋणबाट सम्बन्धित सस्थाले आफ्ना सदस्यहरूलाई ऋण प्रवाह गर्दा प्राप्त गरेको ऋणमा थप वार्षिक ३% (प्रतिशत) भन्दा बढी नहुने गरी ऋणउपलब्ध गराउनु पर्ने ।

२) कोषबाट प्रवाह हुने ऋणको ब्याज गणना गर्दा महिनाको तीस दिन र वर्षको तीन सय पैसठ्ठी दिन कायम गरिनेछ ।

३) व्याजलाग्ने अवधिको हिसाब गर्दा कोषसँग तमसुक गरी कोषको खातामा खर्च भएको दिन बाट सुरु गरिनेछ ।

४) कोषबाट प्राप्त रकम सम्बन्धित संस्थाले १५ दिनभित्र सदस्यलाई लगानी गरी ऋण लिएको ३० दिनभित्र लगानी विवरण कोषमा बुझाउनु पर्ने छ ।

**२१. प्रशासनिक खर्च अनुदान** : ऋण भुक्तानी तालिका अनुसार तोकिएको समयमा चुक्ता गरेमा संस्थाले कोषलाई बुझाएको ब्याजको पच्चिस प्रतिशतले हुन आउने रकम प्रशासनिक खर्च अनुदान स्वरूप उपलब्ध गराइनेछ ।

## परिच्छेद-४
## विविध

२२. **कबुलियतनामा :** कोषबाट प्राप्तहुने ऋणबाट सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूलाई लगानी गरेको ऋण असुल उपर नभएमा संस्थाका सञ्चालकहरूले आफ्नो घर-घरानाबाट कोषलाई चुक्ता गर्ने गरी **अनुसूची-६** अनुसारको कबुलियतनामा गर्नु पर्नेछ ।

२३. **लेखापरीक्षण :** आर्थिक वर्ष समाप्त भएपछि कोषको लेखापरीक्षण दमक नगरपालिकाबाट नियुक्त लेखापरीक्षकबाट गराइनेछ ।

२४. **व्याख्या :** यो निर्देशिकाको व्याख्या गर्ने अधिकार दमक नगर कार्यपालिका लाई हुनेछ ।

२५. **वाधा अड्काउ फुकाउ** : यो कार्यविधिको कार्यन्यनमा कुनै वाधा अड्काउ आईपरेमा दमक नगर कार्यपालिकाले आवश्यक निर्णय गरी फुकाउन सक्नेछ ।

२६. **संशोधन :** दमक नगर कार्यपालिकाले यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

# अनुसूची-१

## (दफा १२ को उपदफा (१) संग सम्बन्धित)

**सहकारी संस्थाले दमक नगरपालिका युवा स्वरोजगार कोष समक्ष ऋण माग गर्दा पेस गनुपर्ने विवरण तथा कागजातहरु:**

**१. सहकारीको दर्ता प्रमाण पत्र:**

**२. संस्थाको भौगोलिक कार्यक्षेत्र :**

**३. संस्थाको कुल सदस्य संख्या :**

(क) महिला सदस्य संख्या :

(ख) पुरुष सदस्य संख्या :

(ग) संस्थागत सदस्य:

**४. संस्थाको सञ्चालक समिति सदस्यहरूको विवरण :**

| क.स | नामथर | ठेगाना | पद |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

**५. संस्थाका बचत कार्यक्रम सम्बन्धी विवरण :**

५.१. संस्थाले बचत कार्यक्रम शुरु गरेको मिति :-

सदस्य संख्या :-

५.२. हालको सदस्य संख्या :- बचतको ब्याजदर :-

५.३. बचत गर्ने अवधि : साप्ताहिक/पाक्षिक/मासिक/वार्षिक

५.४. बचतको प्रकार : क) नियमित बचत ख) ऐच्छिक बचत ग) बाल बचत घ) खुत्रुके बचत ङ) आवधिक बचत च) अन्य बचत

५.५. हालसम्मको कुल बचत रकम :- रु. ..............

५.६. बचतमा दिने ब्याजदर (बचतको प्रकार अनुसार) :

५.७. ऋणमा लिने ब्याजदर :

५.८. बचत र ऋणको अधिकतम ब्याजदर बीचको अन्तर : . . .

## ६. संस्थाको शेयर सम्बन्धी विवरण :

क) विनियममा उल्लेखित कुल शेयर रकम :

ख) कुल शेयर बिक्री संख्या :

ग) कुल शेयर बिक्री रकम :

## ७.संस्थाबाट सदस्यहरुलाई लगानी गरेको ऋणको उठाउन बाँकी ऋण र भाखा नाघेको ऋणीहरुको विवरण:

| सिनं. | जम्मा ऋण रकम | हाल सम्मको असुली | असुल हुन बाँकी रकम | जम्मा खराव ऋण |
|---|---|---|---|---|
| | | | | |
| जम्मा | | | | |

## ८. संस्थाले विगत ३ वर्षमा सम्पन्न गरेको मुख्य मुख्य आर्थिक/सामाजिक कामको विवरण:

| क.स | कार्यक्रमको नाम | आर्थिक वर्ष | लाभान्वित संख्या | खर्च गरेको रकम |
|---|---|---|---|---|
| १ | | | | |

| | | | | |
|---|---|---|---|---|
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

**९. संस्थाले अन्य सरकारी संस्थाबाट कुनै प्रकारको वित्तीय वा अन्य सहयोग प्राप्त गरेको भए सो को विवरणः**

| क्र.स | कार्यक्रमको नाम | प्राप्त गरेको मिति | प्राप्त रकम | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

**१०. हाल विपन्न वर्गका सदस्यको लागि सञ्चालन गर्न लागेको प्रस्तावित आय एवम् स्वरोजगारमूलक व्यवसायहरुको विवरण :**

| सि.नं. | व्यवसायको विवरण | स्थान | सदस्य संख्या | माग गरेको रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

११.लेखा परीक्षण प्रतिवेदन ।

१२.ऋण लिन चाहने सदस्यहरुको अनुसूची-२ अनुसारको व्यक्तिगत आवेदन फराम र अनुसूची-३ अनुसारको सदस्यहरुको विवरण ।

१३.संस्थाको विनियम/विधानको प्रतिलिपि ।

१४.संस्थाको सञ्चालक समितिको बैठकले कोषबाट ऋण माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि ।

१५ .सहकारी संस्थाको हकमा नेपाल राष्ट्रिय बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेडको सदस्यताप्राप्त गरेको भए सो प्रमाण-पत्रको प्रतिलिपि ।

१६. सहकारी संस्थाको हकमा जोखिम कोश खडा गरेको देखिने कागजातहरु ।

**अधिकार प्राप्त व्यक्तिको**

दस्तखत:

नाम:

पद:

मिति:

संस्थाको छाप:

# अनुसूची-२
## (दफा १२ को उपदफा (२) संग सम्बन्धित)

## ऋण लिन चाहने सदस्यको व्यक्तिगत आवेदन फाराम

१. ऋण माग गर्ने सदस्यको नाम थर : श्री

ठेगाना : गा.पा./न.पा.:–   वडा नं. :–     टोल :–

२. नागरिकता नं. :

३. बाबु/आमा/पति/पत्नीको नाम :

४. बाजे/ससुरा/सासुकोनाम :

५.परिवार संख्या :

(क) परिवारमा काम गर्न सक्नेको संख्या :

(ख) काम गर्न नसक्ने (बालक, वृद्ध, अपाङ्ग) को संख्या :

६. परिवारसँग रहेको आर्थिक स्रोत तथा साधन (कमाउने साधन)

क. विवरण

| क्र.स | घरको विवरण | जग्गाको विवरण | स्थायी नोकरी गर्नेको संख्या | सवारी साधन | अन्य उपकरण | परिवारको वार्षिक आम्दानी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

ख. आफू र आफ्ना परिवारको कुनै सदस्यले अन्य बैक तथा वित्तीय संस्थाबाट ऋण लिई तिर्न बाँकी रकम छ/छैन ? छ भने रु.

ग. सञ्चालन गर्न चाहेको व्यवसाय

घ. व्यवसायिक तालिम वा सीप :

ङ.माग गरेको रकम :

| | |
|---|---|
| **फारम भराउने संस्थाको** | **निवेदकको सही छापः** |
| प्रतिनिधिको सही छापः | नामः |

# अनुसूची-३

(दफा १२ को उपदफा (३) संग सम्बन्धित)

ऋण लिन चाहने सदस्यहरुको विवरण

सहकारी संस्थाको नामः

ऋण लिन चाहने सदस्यहरुको विवरण

| क.सं | सदस्यको नाम थर | ठेगाना | सदस्यता प्राप्त गरेको मिति | शेयर कित्ता |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

माथि लेखिएको व्यहोरा ठिक साँचो हो भनी प्रमाणित गर्दछु ।

**अधिकार प्राप्त व्यक्तिको**

दस्तखतः

नामः

पदः

मितिः

मोवाईल नं.

संस्थाको छापः

अनुसूची -४
(दफा १३ को उपदफा २ सँग सम्बन्धित)
अघिल्लो किस्ता सदुपयोग भएको प्रतिवेदन

१. संस्थाको नामः

२. पहिलो किस्ता रकमः रु.

३. संस्थाको बैंक खातामा रकम जम्मा भएको मितिः

४. कोषबाट प्राप्त रकम लगानी गरेका विवरण :

| क्र.स | लगानी गरेको क्षेत्र | संख्या | लगानी भएको रकम | पहिलो किस्ताको प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

६. पहिलो किस्ताको अनुगमन गरेको पटक र मितिः-

**अधिकार प्राप्त व्यक्तिकोः**

नामथरः

दस्तखत :

पद :

सम्पर्क नं.:

मिति :

संस्थाको छाप :

# अनुसूची - ५
## दफा १७ को उपदफा ७ संग सम्बन्धित
## कोषबाट प्राप्त ऋणको प्रगाती विवरण

| क्र. स | लगानी गरेको क्षेत्र | संख्या | लगानी भएको रकम | प्रगति विवरण (सम्पन्न भएका मुख्य मुख्य कार्यहरु ) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

**अधिकार प्राप्त व्यक्तिको :**

नामथर:

दस्तखत :

पद :

सम्पर्क नं.:

मिति :

संस्थाको छाप

# अनुसूची ६
## (दफा २२ संग सम्बन्धित)

## सहकारी संस्थाले गर्नुपर्ने कवुलियतनामाको ढाँचा

लिखितम दमक नगरपालिकाको युवा स्वारोजगार कोषबाट ऋणलिने सन्दर्भमा ..................जिल्ला ...............स्थित श्री....................................... सहकारी संस्था संस्थाले कोषबाट रु...................... ऋण प्राप्त गरेको ठीक साँचो हो । उक्त ऋण रकम दमक नगरपालिकाको युवा स्वरोजगार कोष सञ्चालन कार्यविधिको अधीनमा रही हाम्रो संस्थाको कार्यक्षेत्रमा आयमूलक तथा स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गर्नका लागि परिचालन गर्ने र तोकिएको समयभित्र सम्पूर्ण साँवा तथा ब्याज रकम कोषलाई चुक्ता गर्नेछौ भनि संस्थाका तर्फबाट अख्तियार प्राप्त सञ्चालक समितिका तर्फबाट हामी तपसिलका पदाधिकारीहरूले कोष समक्ष यो कबुलियतनामा गरेका छौं । कोषबाट लिएको ऋण नियमानुसार समयमा बुझाउने छौं । कुनै कारणवस दमक नगरपालिकाको युवा स्वरोजगार कोषको नियमानुसार ऋण सदुपयोग नगरेमा वा हाम्रो संस्थाका सदस्यहरूले साँवा र ब्याज रकम बुझाउन नल्याएमा वा प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा संस्था र हाम्रो व्यक्तिगत घर-घरानामा रहेका चलअचल सम्पत्तिबाट सम्पूर्ण बक्यौता रकम **दमक नगरपालिका युवा स्वरोजगार कोष सञ्चालन कार्याविधि, २०७६** बमोजिम असुल उपर गरी लिनु भनी हाम्रा राजीखुशीका साथ यो कबुलियतनामा लेखी सही छाप गरी दमक नगरपालिकाको युवा स्वारोजगार कोष, दमक नगर कार्यपालिकाको कार्यालय, दमक, झापामा बुझायौं ।

कबुलियतनामा गर्ने सञ्चालक समिति समितिका पदाधिकारीहरू :

| | |
|---|---|
| **अध्यक्षः** | **व्यवस्थापक** |
| नामथरः | नामथर : |
| दस्तखत : | दस्तखतः |
| सम्पर्क नं.: | सम्पर्क नं |
| मिति : | मिति |
| सस्थाको छाप | |

**साक्षी**

नामथरः

दस्तखत :

पदः

सम्पर्क नं.:

मिति :

इति सम्बत् २०.....साल.......महिना......गते.............रोज शुभम्

**आज्ञाले**
**गणेश प्रसाद तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**